# ट्रान्सपरेन्सी इन्टरनेसनल नेपाल

१) **व्यवस्थापन उपसमितिः**

**कार्यक्षेत्रः**

- संस्थाद्वारा स्वीकृत कार्यक्रमहरु कार्यान्वयन गर्ने,
- वार्षिक कार्यक्रम तथा वजेट तर्जुमा गर्ने,
- प्रशासनिक तथा आर्थिक गतिविधि सञ्चालन गर्ने,
- उपसमितिहरुको काम-कारवाहीमा आवश्यक सहयोग गर्ने,
- उपसमितिहरुको निर्णय कार्यान्वयनका लागि सहयोग गर्ने,
- कर्मचारी तथा विशेषज्ञहरु नियुक्त गर्ने,
- प्रगति विवरण कार्यसमितिमा पेश गर्ने,
- कार्यसमितिको बैठक बस्न नसकेको अवस्थामा आइपर्ने सबै प्रकारको निर्णय गर्ने ।

***संयोजक - अध्यक्ष***
***सदस्य - उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष ।***
***कार्यकारी निर्देशक/बरिष्ठ कार्यक्रम अधिकृत (पदेन) ।***

---

२) **सरकार/राजनीतिक दल सहकार्य उपसमितिः**

**कार्यक्षेत्रः**

- भ्रष्टाचारविरुद्धको राष्ट्रिय रणनीति तथा योजना तयार गर्न पहल/सहयोग गर्ने,
- सार्वजनिक सेवा प्रवाहको सरलीकरण र सुधारको वकालत गर्ने,
- नयाँ संविधानमा भ्रष्टाचारविरोधी प्रावधान सशक्त वनाउन संविधान सभालाई सहयोग गर्ने,
- संयुक्त राष्ट्रसंघीय महासन्धि संसदबाट अनुमोदन गराउन वकालत गर्ने,
- दलहरुको नीति तथा कार्यक्रममा सदाचारिता अभिवृद्धि गराउन पहल गर्ने,
- दलको आयव्यय पारदर्शी बनाउन पहल गर्ने,
- दलमा सम्पत्ति विवरण दाखिला गर्ने व्यवस्था स्थापित गराउन जोड दिने,
- निर्वाचन ऐन तथा आचार संहिता पूर्णरुपले पालना गराउन निर्वाचन आयोग र दलहरु समक्ष वकालत गर्ने ।

***सदस्य - खेमराज रेग्मी, पुरुषोत्तम बास्कोटा, रामदयाल राकेश, सूर्यनाथ उपाध्याय ।***
***कार्यकारी निर्देशक/बरिष्ठ कार्यक्रम अधिकृत (पदेन) ।***

३) **न्यायिक सुधार तथा सहकार्य उपसमितिः**

**कार्यक्षेत्रः**

- न्यायपालिकालाई थप पारदर्शी बनाउन सर्वोच्च अदालतसँग सहकार्य गर्ने,
- नीतिगत भ्रष्टाचार नियन्त्रण गर्न पहल गर्ने,
- जनगुनासो सम्बोधन गर्न कानूनी सहायता र नीतिगत वकालत केन्द्रलाई सुदृढ गराउने,
- न्यायपालिकाबाट फैसला भएका भ्रष्टाचार सम्बन्धी मुद्दाका निर्णयहरुको मूल्याङ्कन गर्न नेपाल बारसँग सहकार्य गर्ने,
- न्यायाधीश नियुक्तिका मापदण्ड पारदर्शी बनाउन वकालत गर्ने,
- भ्रष्टाचार सम्बन्धी ऐन नियम नयाँ तथा परिमार्जन समेतका लागि कानून आयोगसँग सहकार्य गर्ने,
- नजीर र निर्देशनहरुको कार्यान्वयनमा अदालतलाई सहयोग गर्ने ।

***सदस्य - कृष्णप्रसाद भण्डारी, कनकविक्रम थापा, भरत बहादुर थापा, महादेव यादव, सर्वज्ञरत्न तुलाधर ।***
***कार्यकारी निर्देशक/बरिष्ठ कार्यक्रम अधिकृत (पदेन) ।***

४) **कार्यक्रम निर्माण तथा श्रोत परिचालन उपसमितिः**

कार्यक्षेत्रः

- संस्थाको रणनीतिक दस्तावेज २००८-२०११ कार्यान्वयनका लागि श्रोत साधनको व्यवस्था गर्ने,
- संस्थाको उद्देश्य पूरा गर्न अल्पकालीन तथा दीर्घकालीन योजना तथा कार्यक्रमहरु तर्जुमा गर्ने,
- कार्यक्रमहरु सञ्चालनार्थ श्रोत साधनको व्यवस्था गर्ने,
- संस्था तथा कर्मचारीको क्षमता विकास गर्ने,
- दातृ निकायहरुसँग भ्रष्टाचार नियन्त्रणका लागि सहयोग प्राप्त गर्ने क्षेत्र पहिचान गर्ने ।

***सदस्य - अनसूया जोशी, नारायण मानन्धर, प्रेमराज पन्त, विजय के.सी.।***
***कार्यकारी निर्देशक/बरिष्ठ कार्यक्रम अधिकृत (पदेन) ।***

५) **अनुसन्धान, शिक्षा तथा प्रचार-प्रसार उपसमितिः**

कार्यक्षेत्रः

- भ्रष्टाचार सम्बन्धी विविध विषयहरुमा अध्ययन तथा अनुसन्धान गर्ने,
- भ्रष्टाचार सम्बन्धी अन्तराष्ट्रिय प्रतिवेदनहरुमा समावेश गर्न नेपाली प्रतिवेदन प्रस्तुत गर्ने,
- विदेशी सहयोग पारदर्शी बनाउनका लागि प्रयत्न गर्ने,
- खोजमूलक पत्रकार, सरकारी कर्मचारी र नागरिक संस्थाका प्रतिनिधिलाई तालिम दिने,
- पत्रकार सम्मेलन, प्रकाशन मार्फत संस्थाको धारणा प्रस्तुत गर्ने,
- सञ्चार माध्यम मार्फत संस्थाको सन्देश/चेतना अभियान जनसमक्ष पुऱ्याउने,
- सूचनाको हक सम्बन्धी ऐन कार्यान्वयनको अभियान सञ्चालन गर्ने,
- भ्रष्टाचारविरुद्धको दिवस मनाउनका लागि कार्यक्रमको तर्जुमा गर्ने,
- पर्यावरण र जलवायु परिवर्तन सम्बन्धी अध्ययन गर्ने ।

***सदस्य - विष्णु बहादुर के.सी., ईश्वरराज वन्त, तोया गुरुङ, सागरराज शर्मा, सुरेशराज चालिसे, शरदचन्द्र वस्ती ।***
***कार्यकारी निर्देशक/बरिष्ठ कार्यक्रम अधिकृत (पदेन) ।***

६) **नागरिक समाज सहकार्य उपसमितिः**

कार्यक्षेत्रः

- भ्रष्टाचार विरोधी संघसंस्था/समूहहरुसँग सहकार्य गरी एक राष्ट्रिय गठबन्धन निर्माण गर्ने,
- विभिन्न गैरसरकारी, पेशागत र व्यापारिक संस्थाहरुमा आचारसंहिताको वकालत गर्ने,
- जिल्ला स्थित सहयोगी समूह/संस्थासँग समन्वय र सहकार्य गर्ने,
- स्थानीय निकायहरुमा नागरिक बडापत्र प्रभावकारी रुपमा लागु गराउन सहयोग गर्ने,
- गा.वि.स., नगरपालिका, जि.वि.स. नेतृत्वबाट विकाशको प्रतिबद्धता गराउने,
- विभिन्न सहयोगी संस्था/समूहको क्षमता विकास गर्ने ।

***सदस्य - आनन्द राज मुल्मी, पद्मिनी प्रधानाङ्ग, मुकुन्द बहादुर प्रधान, रमेशनाथ ढुंगेल, विश्वकेशर मास्के ।***
***कार्यकारी निर्देशक/बरिष्ठ कार्यक्रम अधिकृत (पदेन) ।***

७) प्रत्येक उपसमितिका सदस्यहरुले आफूमध्येबाट १ जनालाई उपसमिति संयोजकमा चयन गर्नेछन् ।

८) कार्यसमितिले २ देखि ६ सम्मका उपसमितिहरुको निर्णय कार्यान्वयनका सन्दर्भमा हुने छलफल बैठकमा सम्बन्धित उपसमितिका संयोजकलाई आमन्त्रित गर्ने छ ।

९) क्रमसंख्या २ देखि ६ सम्मका उपसमितिहरुले गरेका निर्णयहरु कार्यसमिति मार्फत कार्यान्वयन हुनेछन् ।

१०) उपसमितिले कार्यसमितिका कुनै पनि सदस्यलाई आमन्त्रित गर्न सक्ने छ ।

***अन्य:***

***श्री दामोदर प्रसाद गौतम - संरक्षक, दक्षिण-दक्षिण एशिया एक्सचेन्ज कार्यक्रम ।***
***डा. गणेश मान गुरुङ - संयोजक, वन्य जन्तु चोरी, शिकारी, पैठारी अध्ययन परियोजना ।***
***डा. देवेन्द्र राज पाण्डे - सल्लाहकार, एलाक नेपाल परियोजना ।***
***डा. मीना आचार्य - सल्लाहकार, क्रिनीस नेपाल अध्ययन ।***